## ह्युमन ह्यूमन प्यापिलोमाभाइरस (HPV) खोप क्याच–अप कार्यक्रमको बारेमा जानकारी

स्वास्थ्य विभाग (DH) ले 2024/25 शैक्षिक वर्षमा एक पटकको ह्**यूमन** प्यापिलोमाभाइरस (HPV) खोप अभियान सुरु गरेको छ। यो अभियान 2004 र2008 को बीचमा जन्मेका र हङकङ बाल्यकाल खोप कार्यक्रम अन्तर्गतमा नपरेका हङकङका महिला बासिन्दाहरूलाई निःशुल्क प्रदान गरिनेछ। ताकिउच्च जोखिममा रहेका ह्**यूमन** प्यापिलोमा भाइरसहरू विरुद्ध समुदायको समूहको रोग प्रतिरोधात्मक क्षमता बिस्तारै बढ्दै जान्छ, जसले गर्दा पाठेघरको क्यान्सर हुनबाट जोगिन्छ।

## HPV भनेको के हो?

HPV भाइरसहरूको समूहको नाम हो जसमा 150 भन्दा बढी जीनोटाइपहरू समावेश रहेका छन्। यी मध्ये लगभग 40 भाइरसहरूले जननांग क्षेत्रलाई संक्रमित गर्छन्। केही प्रकारका HPV ले पाठेघर, योनी, भल्भा र मलद्वारको पूर्व– क्यान्सर परिवर्तनहरू र घातक क्यान्सर निम्त्याउन सक्छ।

## HPV खोप भनेको के हो?

HPV खोप पाठेघरको मुखको क्यान्सरका साथै अन्य HPV-सँग सम्बन्धित क्यान्सर वा रोगहरूलाई रोक्नको लागि एक प्रोफिलेक्टिक खोप हो। हङकङमा HPV-16, 18, 31, 33, 45, 52, 58 ले पाठेघरको मुखको क्यान्सरका लगभग 90% केसहरू निम्त्याएको थियो। माथिका सबै सात जीनोटाइपहरू 9–भ्यालेन्ट HPV खोपमा समावेश छन्।

## मलाई HPV क्याच–अप खोप किन लगाउनु आवश्यक छ?

पछिल्लाअन्तर्राष्ट्रिय तथा स्थानीय वैज्ञानिक प्रमाणहरूको समीक्षा गरी, विश्व स्वास्थ्य संगठनको पछिल्लोसिफारिसहरू र अन्तर्राष्ट्रिय व्यावहारिक अनुभवलाई ध्यानमा राखी, स्वास्थ्य संरक्षण केन्द्र अन्तर्गत खोप रोकथाम योग्य रोगहरू सम्बन्धीवैज्ञानिक समितिले 2022 मा ह्**यूमन** प्यापिलोमाभाइरस खोपको लागि लक्ष्य समूह 18 वर्ष वा सोभन्दा कम उमेरका किशोरीहरूमा विस्तार गर्न सिफारिस गर्यो।

## यस कार्यक्रम अन्तर्गत HPV खोप कसरी प्राप्त गर्ने ?

यो कार्यक्रम लगभग दुई वर्षसम्म तीन चरणमा लागू गरिनेछ।

पहिलो चरणले हङकङमा माध्यमिक पाँच वा सोभन्दा माथि (वा समकक्ष कक्षा) अध्ययन गर्ने पूर्ण–कालीन महिला विद्यार्थीहरू (विशेष विद्यालयहरूको माध्यमिक सेक्सनहरू सहित) लाई लक्षित

गर्दछ। माध्यामिक विद्यालयहरूले योग्य महिला विद्यार्थीहरूलाई निःशुल्क HVP खोपहरू प्रदान गर्न सहभागी आउटरिच खोप टोलीहरूलाई संलग्न गर्नेछन्।

दोस्रो चरणले 2004 र 2008 को बीचमा जन्मेका स्थानीय उच्च शिक्षण संस्था वा विश्वविद्यालयहरूमा अध्ययन गर्ने हङकङका महिला बासिन्दाहरूलाई लक्षित गर्दछ। संस्थाहरूको आउटरिच खोप टोली वा स्वास्थ्य सेवा क्लिनिकहरूले HPV क्याच-अप खोप सेवाहरू प्रदान गर्नेछन्।

तेस्रो चरणले 2004 र 2008 को बीचमा जन्मेका हङकङका महिला बासिन्दाहरूलाई लक्षित गर्दछ जसले हङकङमा आफ्नो अध्ययन पूरा गरेका छन्, सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरूद्वारा क्याच-अप खोप सेवाहरू प्रदान गरिनेछ ।

## HPV खोपका सम्भावित हानिकारक असरहरू के-के हुन्?

HPV खोपहरू सामान्यतया सुरक्षित हुन्छन्। HPV खोप लगाएपछि धेरैजसो विद्यार्थीहरूमा गम्भीर प्रतिक्रियाहरू हुँदैनन्। सामान्य असरहरू अन्य खोपहरूमा जस्तै हुन्छन्, जस्तै:

(१) टाउको दुख्ने, रिँगटा लाग्ने, वाकवाकी लाग्ने र थकाइ जस्ता हल्का र छोटो समयका लागि असरहरू।
(२) सुई लगाइएको ठाउँमा दुखाइ, रातोपन वा सुन्निने।
(३) ज्वरो।

## के HPV खोपको सुरक्षामा कुनै चिन्ता छ?

HPV खोपहरू धेरै वर्षदेखि विश्वव्यापी रूपमा प्रयोग हुँदै आएको छ। HPV खोप पछि प्रतिकूल प्रतिक्रियाहरूको बारेमा वैज्ञानिक प्रमाण र जानकारीको विस्तृत परीक्षण पछि, विश्व स्वास्थ्य संगठन र विदेशी स्वास्थ्य अधिकारीहरूले HPV खोपहरू सुरक्षित र प्रभावकारी छन् भन्ने निष्कर्ष निकालेका छन् र HPV खोपले गम्भीर हानिकारक असरहरू निम्त्याउने कुनै प्रमाण छैन।

## किन कम उमेरमा HPV खोप दिइन्छ? के खोप प्राप्त गर्दा अपरिपक्क यौनसम्पर्क गर्न प्रोत्साहन गर्छ?

HPV खोपहरू ती महिलाहरूका लागि उत्तम काम गर्छन् जो कहिल्यै HPV संक्रमणको सम्पर्कमा आएका छैनन् र त्यसैले यौन सम्बन्ध सुरु गर्नु भन्दा पहिले उपयुक्त उमेरका केटीहरूलाई सिफारिस गरिन्छ। अनुसन्धानले देखाएको छ कि HPV खोप लगाइनाले बच्चाहरू यौन सक्रिय हुने वा कम उमेरमा यौन सम्बन्ध राख्न सुरु गर्ने सम्भावना बढी हुँदैन।